## लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, आर्थिक प्रशासन, राजश्व, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०९।१२

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

### विषयः सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. "जनसम्पर्क कार्यालय कार्यविधिको अनिवार्य तत्व हो ।" पुष्टि गर्नुहोस् । — ५

२. कार्यालयमा अभिलेख व्यवस्थापनको महत्वबारे चर्चा गर्नुहोस् । — ५

३. जिन्सी व्यवस्थापनअन्तर्गत खर्च नहुने खाता र खर्च हुने खाता भन्नाले के बुझ्नुहुन्छ? चर्चा गर्नुहोस् । — ५

४. व्यवस्थापनमा समन्वयको के महत्व रहन्छ? उल्लेख गर्नुहोस् । — ५

५. लेखाप्रणालीका आधारभूत सिद्धान्त के हुन्? उल्लेख गर्नुहोस् । — ५

६. दोहोरो लेखाप्रणालीअन्तर्गत डेबिट र क्रेडिटका नियमहरूबारे उल्लेख गर्नुहोस् । — ५

७. आन्तरिक लेखापरीक्षण भन्नाले के बुझिन्छ? यसको आवश्यकता किन पर्दछ? चर्चा गर्नुहोस् । — २+३=५

८. आर्थिक प्रशासनका प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् । — ५

९. सार्वजनिक प्रशासनको परिचय दिंदै यसको कार्यक्षेत्र एवं महत्वबारे चर्चा गर्नुहोस् । — ३+४+३=१०

### खण्ड "ख" — ५० अङ्क

१०. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणका मुख्य-मुख्य कार्यहरू उल्लेख गर्नुहोस् । — ५

११. विमानस्थल सुरक्षासम्बन्धमा नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३ ले गरेको व्यवस्थाबारे उल्लेख गर्नुहोस् । — ५

१२. लेखापरीक्षण ऐनले संगठित संस्थाको लेखापरीक्षणसम्बन्धमा गरेको व्यवस्था उल्लेख गर्नुहोस् । — ५

१३. मूल्य अभिवृद्धि करमा करकट्टी भन्नाले के बुझिन्छ? उदाहरणसहित लेख्नुहोस् । — ५

१४. यदि $x : y = 1 : 2$ भए $(2x + 3y) : (x + 4y)$ को मान कति होला? — ५

१५. एउटा मोबाइल रू. २५,०००।- मा बिक्री गर्दा रू. ५,०००।- नाफा हुन्छ भने नाफा प्रतिशत पत्ता लगाउनुहोस् । — ५

१६. संक्षिप्त नोट लेख्नुहोस् । — २.५+२.५=५

क) Word Processing

ख) Electronic Spreadsheets

१७. इमेल र इन्टरनेटको परिचय दिंदै यसको महत्वमाथि प्रकाश पार्नुहोस् । — ५

१८. सार्वजनिक खरिद भन्नाले के बुझ्नुहुन्छ? सार्वजनिक खरिद ऐन, २०६३ अनुसार के-कस्ता खरिद विधिहरू रहेका छन्? छोटकरीमा उल्लेख गर्नुहोस् । — २+८=१०

:: समाप्त ::